नेपाल सरकार

**शिक्षक सेवा आयोग**

सानोठिमी, भक्तपुर

**स्थायी अध्यापन अनुमति पत्रका लागि लिइने परीक्षाको विज्ञापन- २०७२**

विद्यालय तहमा अध्यापन गर्न इच्छुक व्यक्तिहरुलाई लिखित परीक्षाद्वारा स्थायी अध्यापन अनुमतिपत्र दिने प्रयोजनका लागि देहायको योग्यता पुगेका उम्मेदबारहरुवाट रितपूर्वकको दरखास्त आव्हान गरिन्छ ।

| क्र.सं. | वि.नं. | तह |
|---|---|---|
| १ | वि.नं. २९।०७२/७३ | माध्यमिक |
| २ | वि.नं. ३०।०७२/७३ | निम्नमाध्यमिक |

परीक्षाको किसिम : लिखित

परीक्षा दस्तुर : माध्यमिक तहका लागि रु. ७००।- र निम्नमाध्यमिक तहका लागि रु. ४००।-

दरखास्त दिने स्थान : जिल्ला शिक्षा कार्यालयहरु वा जिल्ला शिक्षा कार्यालयले तोकेको स्थान ।

दरखास्त दिने मिति : २०७२ साल कार्तिक १९ गतेदेखि २०७२ मंसीर २३ गतेसम्म (दोव्वर दस्तुर तिरी २०७२ साल मंसीर २४ गतेदेखि पौष १ गतेसम्म) ।

परीक्षा मिति : माध्यमिक तह - मिति २०७२ फागुन १४ गते शुक्रबार दिनको १:०० बजे<br>निम्न माध्यमिक तह - मिति २०७२ फागुन १५ गते शनिवार दिनको १:०० बजे

परीक्षा केन्द्र : सम्वन्धित जिल्ला परीक्षा समन्वय समितिले तोकेका परीक्षा केन्द्रहरु

**आवश्यक न्यूनतम शैक्षिक योग्यता**

**माध्यमिक तहका लागि**

१. शिक्षा शास्त्रमा स्नातक वा सो सरह उत्तीर्ण गरेको

२. स्नातक तह वा सो सरहको परीक्षा उत्तीर्ण गरी शिक्षा विषयमा कम्तिमा माध्यमिक तहको दसमहिने तालिम लिएको

३. देहायका विषयका हकमा तालिम प्राप्त नभए पनि दरखास्त दिन सक्नेछन् :

(क) अङ्ग्रेजी मूल विषय लिई स्नातक वा सो सरह उत्तीर्ण गरेको

(ख) गणित मूल विषय लिई स्नातक वा सो सरह उत्तीर्ण गरेको

(ग) विज्ञान मूल विषय लिई स्नातक (B.Sc) वा सो सरह उत्तीर्ण गरेको

(घ) कम्प्यूटर विषयमा स्नातक वा सो सरह उत्तीर्ण गरेको

(ङ) लेखा विषय लिई व्यवस्थापन विषयमा स्नातक वा सो सरह उत्तीर्ण गरेको

(च) सिभिल इन्जिनियरिङ विषयमा स्नातक वा सो सरह उत्तीर्ण गरेको

(छ) इलेक्ट्रिकल इन्जिनियरिङ विषयमा स्नातक वा सो सरह उत्तीर्ण गरेको

(ज) पशुपालन वा बाली विज्ञान विषयमा स्नातक (B.Sc-Ag) वा सो सरह उत्तीर्ण गरेको

**निम्न माध्यमिक तहका लागि**

(क) प्रविणता प्रमाणपत्र तह वा सो सरहको परीक्षा उत्तीर्ण गरी शिक्षा विषयमा सम्बन्धित तहको कम्तीमा दश महिने तालिम लिएको,

(ख) उच्चमाध्यमिक शिक्षा परिषद् (10+2) तर्फ शिक्षाशास्त्रको कक्षा ११ र १२ मा न्यूनतम २०० पूर्णाङ्कको शिक्षा विषय लिई उत्तीर्ण गरेका व्यक्तिहरु उम्मेदवार हुन पाउने छन् ।

कुनै व्यक्तिले शिक्षाशास्त्र तर्फ माथि उल्लिखित योग्यता प्राप्त गरेको भए यस प्रयोजनका लागि तालिम प्राप्त मानिने छ ।

**दृष्टव्य :**

१. उम्मेद्वारहरूले दरखास्त फारामका साथ पेश गर्नुपर्ने कागजातहरू :

- सम्बन्धित तहको न्यूनतम शैक्षिक योग्यताको ट्रान्सक्रिप्ट र चारित्रिक प्रमाणपत्रको प्रतिलिपि(विदेशी संस्थाबाट प्राप्त शैक्षिक प्रमाणपत्रको हकमा सम्बन्धित निकायबाट समकक्षता निर्धारण गरेको हुनुपर्नेछ)
- नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि ।
- सम्बन्धित तहमा १० महिने तालिम लिएको भए सो प्रमाणपत्रको प्रतिलिपि ।

उपर्युक्त कागजातहरू उम्मेद्वार स्वयंले प्रमाणित गरी पेश गर्नुपर्ने छ ।

२. दोब्बर दस्तुरको म्यादलाई उमेर, शैक्षिक योग्यता र तालिमको प्रयोजनका लागि गणना गरिने छैन ।

३. शिक्षक सेवा आयोग नियमावली (संशोधनसहित), २०५७ को नियम **६घ** वमोजिम देहायको व्यक्तिले दरखास्त दिन सक्ने छैन :

- गैर नेपाली नागरिक
- १८ वर्ष उमेर नपुगेको
- मगज बिग्रेको
- नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबट कसुरदार ठहरिएको
- भविष्यमा सरकारी नोकरी वा शिक्षक सेवाको लागि अयोग्य ठहरिने गरी सेवाबाट वर्खास्त गरिएको ।

४. परीक्षा दस्तुर जिल्ला शिक्षा कार्यालय वा जिल्ला शिक्षा कार्यालयले तोकेको राजस्व खातामा जम्मा गर्नुपर्नेछ ।

५. अध्यापन अनुमतिपत्रको दरखास्त फाराम, पाठ्यक्रम, विशिष्टीकरण तालिका र नमूना प्रश्नपत्रहरू आयोगको वेबसाइट www.tsc.gov.np बाट डाउनलोड गर्न सकिनेछ ।

६. उम्मेद्वारले जुन जिल्लामा दरखास्त फाराम वुझाएको हो सो जिल्लाको जिल्ला परीक्षा समन्वय समितिले तोकेको परीक्षा केन्द्रबाट परीक्षामा सामेल हुनुपर्नेछ ।

७. दरखास्त फाराम कुनै पनि शर्त राखी स्वीकृत गरिने छैन ।

८. जिल्ला शिक्षा कार्यालयले दरखास्तसाथ पेश भएका सक्कल प्रमाणपत्र र कागजातहरू दुरुस्त भए नभएको रुजु गरी दरखास्त लिनुपर्ने छ । साथै, सवै जिल्ला शिक्षा कार्यालयले यसै सूचनालाई आधार मानी दरखास्त फाराम भर्ने/भराउने व्यवस्था मिलाउनु हुन अनुरोध छ ।

# अध्यापन अनुमतिपत्रको विज्ञापनसम्बन्धी जिल्ला शिक्षा कार्यालयहरुलाई जरुरी सूचना

१. सबै जिल्ला शिक्षा कार्यालयहरुले यसै सूचनालाई आधार मानी दरखास्त लिने आवश्यक व्यवस्था मिलाउनुहुन अनुरोध छ ।

२. जिल्ला शिक्षा कार्यालयहरुले उम्मेदवारको रो न. नौ अंकको कायम गर्नु पर्नेछ । उक्त रो.नं. कायम गर्दा क्रमशः दुई अंकको जिल्ला कोड, एक अंकको तह कोड, दुई अंकको संकेत कोड, र चार अंकको उम्मेदवारको रो.नं. कायम गर्नु पर्नेछ । जिल्ला कोड निम्न बमोजिम ०१ देखि क्रमशः ७७ सम्म कायम हुनेछ र तह कोड प्रयोग गर्दा माध्यमिक तहका लागि १ (एक) निम्नमाध्यमिक तहका लागि २ (दुई) प्रयोग गर्ने, अध्यापन अनुमतिपत्रको कोडका लागि ३२ (बत्तिस) अंक र उम्मेदवारको रो.न. का लागि (चार अंक भएको ०००१) एकबाट शुरु गर्नु पर्नेछ । जस्तै ताप्लेजुङ्ग जिल्लाको निम्नमाध्यमिक तहको लागि पहिलो रो नं. | ०१ | २ | ३२ | ०००१ | हुनेछ । ***[यहाँ ०१ भन्नाले जिल्लाकोड, २ ले तह कोड, ३२ ले अध्यापन अनुमतिपत्रको संकेत कोड (माध्यमिक र निम्नमाध्यमिकमा एउटै कोड हुने) र ०००१ ले उम्मेदवारको रो.नं. जनाउँदछ।***] साथै कुनै पनि उम्मेदवारको रो न. नदोहोऱ्याउने क, ख तथा ए, बि जस्ता संकेत नराखी अर्को नयाँ रो.नं. कायम गर्नु पर्नेछ ।

३. जिल्लाका जिल्ला कोडहरु यस प्रकार छन् :

| जिल्ला कोड | जिल्ला |
|---|---|
| ०१ | ताप्लेजुङ |
| ०२ | पांचथर |
| ०३ | ईलाम |
| ०४ | झापा |
| ०५ | संखुवासभा |
| ०६ | तेन्हथुम |
| ०७ | धनकुटा |
| ०८ | भोजपुर |
| ०९ | मोरङ |
| १० | सुनसरी |
| ११ | सोलुखुम्वु |
| १२ | खोटाङ |
| १३ | ओखलढुंगा |
| १४ | उदयपुर |
| १५ | सप्तरी |
| **१६** | **सिरहा** |
| १७ | दोलखा |
| १८ | रामेछाप |
| १९ | सिन्धुली |
| २० | धनुषा |
| २१ | महोत्तरी |
| २२ | सर्लाही |
| २३ | सिन्धुपाल्चोक |
| २४ | रसुवा |
| २५ | नुवाकोट |
| २६ | धादिङ |
| २७ | काभ्रेपलान्चोक |
| २८ | भक्तपुर |
| २९ | काठमाडौं |

| जिल्ला कोड | जिल्ला |
|---|---|
| ३२ | ललितपुर |
| ३३ | मकवानपुर |
| ३४ | चितवन |
| ३५ | रौतहट |
| ३६ | वारा |
| **३७** | **पर्सा** |
| ३८ | गोरखा |
| ३९ | मनाङ |
| ४० | लमजुङ |
| ४१ | कास्की |
| ४२ | तनहुँ |
| ४३ | स्याङ्जा |
| ४४ | नवलपरासी |
| ४५ | पाल्पा |
| ४६ | गुल्मी |
| ४७ | अर्घाखांची |
| ४८ | रूपन्देही |
| ४९ | कपिलवस्तु |
| ५० | मुस्ताङ |
| ५१ | म्याग्दी |
| ५२ | वाग्लुङ |
| **५३** | **पर्वत** |
| ५४ | रूकुम |
| ५५ | रोल्पा |
| ५६ | सल्यान |
| ५७ | प्यूठान |
| ५८ | दाङ |
| ५९ | हुम्ला |
| ६० | मुगु |

| जिल्ला कोड | जिल्ला |
|---|---|
| ६१ | डोल्पा |
| ६२ | कालिकोट |
| ६३ | जुम्ला |
| ६४ | जाजरकोट |
| ६५ | दैलेख |
| ६६ | सुर्खेत |
| ६७ | बाँके |
| **६८** | **बर्दिया** |
| ६९ | बाजुरा |
| ७० | बझाङ |
| ७१ | अछाम |
| ७२ | डोटी |
| ७३ | कैलाली |
| ७४ | दार्चुला |
| ७५ | बैतडी |
| ७६ | डडेलधुरा |
| ७७ | कञ्चनपुर |